नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७८/३/७ मा स्वीकृत

# प्राङ्गारिक तथा जीवाणु मल निर्देशिका, २०७८

प्रस्तावना: देशमा प्राङ्गारिक तथा जीवाणु मलको उत्पादन तथा प्रयोग बढाउन र बिक्री वितरण कार्यलाई सहज, व्यवस्थित, पारदर्शी एवं प्रभावकारी बनाई कृषि उत्पादन र उत्पादकत्व बढाउन आवश्यक भएकोले,
सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको निर्देशिका बनाएको छ।

१. संक्षिप्त नाम र परिचय: (१) यस निर्देशिकाको नाम "प्राङ्गारिक तथा जीवाणु मल निर्देशिका, २०७८" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "गोठे मल" भन्नाले गाईवस्तुको मल, मूत्र र सोत्तर पूर्ण रूपमा बिघटन (डिकम्पोज) गरी बनाइएको बाली बिरुवाको पोषणका लागि प्रयोग गरिने कार्वनयुक्त पदार्थ सम्झनु पर्छ।

(ख) "जीवाणु मल" भन्नाले बाली बिरुवामा पोषक तत्व उपलब्ध गराउने वा पोषक तत्व उपलब्ध गराउन सहयोग पुर्‍याउने सुक्ष्म जीवाणुहरूको निर्दिष्ट संख्यामा जीवित तर सुषुप्त अवस्थालाई बिभिन्न किसिमका झोल वा धुलो माध्यममा मिसाई तयार गरिएको पदार्थ सम्झनु पर्छ।

(ग) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश सरकारको कृषि बिषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(घ) "प्रदेश समिति" भन्नाले दफा ७ बमोजिमको प्रदेश प्राङ्गारिक तथा जीवाणु मल व्यवस्थापन समिति सम्झनु पर्छ।

(ङ) "प्राङ्गारिक मल" भन्नाले प्राणी वा वनस्पतिजन्य वा त्यस्तो दुबै प्रकारका सामाग्रीलाई पूर्ण रुपमा बिघटन (डिकम्पोज) गरी पोषक तत्व बृद्धि गर्न वा अन्य कुनै प्रयोजनका लागि रासायनिक श्रोतका (सिन्थेटिक केमिकल्स) सामाग्रीहरू नमिसाइकन धुलो, दानादार वा झोलको रूपमा बनाइएको बाली बिरुवाको पोषणका लागि प्रयोग गरिने कार्वनयुक्त पदार्थ सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

(छ) "प्रयोगशाला" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका प्रयोगशाला सम्झनु पर्छ र सो शब्दले त्यस्तो मल विश्लेषण गर्न नेपाल सरकार वा प्रदेश सरकारले स्थापना गरेको प्रयोगशालालाई समेत जनाउँछ।

(ज) "विभाग" भन्नाले कृषि विभागलाई सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले दफा ४ बमोजिमको प्राङ्गारिक तथा जीवाणु मल समिति सम्झनु पर्छ।

(झ) "स्थानीय समिति" भन्नाले दफा १० बमोजिमको स्थानीय प्राङ्गारिक तथा जीवाणु मल व्यवस्थापन समिति सम्झनु पर्छ।

३. प्राङ्गारिक मलको मापदण्ड: (१) प्राङ्गारिक मलको मापदण्ड तथा गुणस्तर अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) जीवाणु मलको मापदण्ड तथा गुणस्तर अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ।

(३) गोठे मलको मापदण्ड र गुणस्तर अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(४) प्राङ्गारिक मलको प्याकेजिंगमा स्पष्ट देखिने गरी उत्पादनको नाम तथा ब्राण्ड, उत्पादकको नाम र ठेगाना, प्रमुख पोषक तत्वको मात्रा, उत्पादन मिति, लट नम्बर, तौल र बिक्री मूल्य तथा मल सूचीकरण सम्बन्धी लेवल टाँस गरिएको हुनु पर्नेछ।

(५) झोल प्राङ्गारिक मलको सूचीकरण लगायत अन्य प्रक्रियाका हकमा प्याकेजमा उल्लेख भएको लेवल तथा प्रयोगशाला बिश्लेषण नतिजाका आधारमा समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(६) प्राङ्गारिक तथा जीवाणु मलको लेवल नेपाली भाषामा हुनु पर्नेछ।

४. प्राङ्गारिक तथा जीवाणु मल समितिः प्राङ्गारिक तथा जीवाणु मल व्यवस्थापनको लागि विभागमा देहाय बमोजिमको एक समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | महानिर्देशक, विभाग | - संयोजक |
| (ख) | प्रमुख, राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्र, नेपाल कृषि अनुसन्धान परिषद् | - सदस्य |
| (ग) | प्रमुख, प्राङ्गारिक तथा जीवाणु मल हेर्ने शाखा, मन्त्रालय | - सदस्य |
| (घ) | प्रतिनिधि, पशु सेवा विभाग | - सदस्य |
| (ङ) | प्रतिनिधि, वातावरण विभाग | - सदस्य |
| (च) | प्रमुख, माटो शाखा, केन्द्रीय कृषि प्रयोगशाला, विभाग | - सदस्य |
| (छ) | प्रमुख, माटो व्यवस्थापन शाखा, विभाग | -सदस्य सचिव |

५. समितिको बैठकः (१) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

(२) समितिको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(३) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ।

(४) समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी अभिलेख राख्नु पर्नेछ।

(५) समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(६) समितिको सचिवालयको काम विभागको प्राङ्गारिक तथा जीवाणु मल सम्बन्धी विषय हेर्ने शाखाले गर्नेछ।

(७) समितिको बैठक सञ्चालन सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६. समितिको काम, कर्तव्य र अधिकारः यस निर्देशिकामा अन्यत्र उल्लिखित काम, कर्तव्य तथा अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राङ्गारिक मल तथा जीवाणु मल सम्बन्धी नीतिगत निर्णय गर्न मन्त्रालयलाई सहयोग गर्ने,

(ख) प्राङ्गारिक मल तथा जीवाणु मलको मापदण्ड हेरफेर तथा थपघट गर्न मन्त्रालयलाई सिफारिस गर्ने,

(ग) नेपालमा पैठारीका लागि स्वीकृति माग गरिएको प्राङ्गारिक मल तथा जीवाणु मल बालीहरूमा प्रयोग गर्न उपयुक्त रहे नरहेको सम्बन्धमा जाँच गरी सूचीकरणका लागि विभागलाई सिफारिस गर्ने,

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(घ) परीक्षणका लागि पेश गरेको डिजाइनको अध्ययन गरी आवश्यकता अनुसार सम्बन्धित निकायसँगको समन्वयमा डिजाइन परिमार्जन गर्न सम्बन्धित निकायलाई सिफारिस गर्ने,

(ङ) प्राङ्गारिक मल तथा जीवाणु मलको परीक्षणवाट प्राप्त प्रतिवेदन अध्ययन गरी परीक्षण गरिएको त्यस्तो मल सूचीकरण प्रक्रिया अघि बढाउने वा नबढाउने सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने,

(च) आवश्यकता अनुसार प्राङ्गारिक मल तथा जीवाणु मल परीक्षण कार्यको स्थलगत अनुगमन गर्ने,

(छ) प्राङ्गारिक मल तथा जीवाणु मलका सम्बन्धमा मन्त्रालयबाट माग भए अनुसार राय सुझाव उपलब्ध गराउने।

(ज) प्राङ्गारिक मल तथा जीवाणु मलको उत्पादन, सूचीकरण र विक्री वितरणलाई व्यवस्थित बनाउन प्रदेश समिति तथा स्थानीय समितिलाई आवश्यक सहयोग र सहजीकरण गर्ने।

७. <u>प्रदेश समिति:</u> प्रदेशस्तरमा प्राङ्गारिक मल तथा जीवाणु मलको व्यवस्थापनको लागि देहाय बमोजिमको प्रादेशिक प्राङ्गारिक तथा जीवाणु मल व्यवस्थापन समिति रहनेछः-

(क) सचिव, प्रदेश मन्त्रालय - संयोजक

(ख) प्रमुख, कृषि विकास निर्देशनालय - सदस्य

(ग) प्रमुख, माटो शाखा, कृषि अनुसन्धान निर्देशनालय - सदस्य

(घ) प्रमुख, प्रदेश सरकारको माटो तथा मल परीक्षण गर्ने प्रयोगशाला - सदस्य

(ङ) प्रमुख, खाद्य सुरक्षा र कृषि व्यवसाय सम्बन्धी विषय हेर्ने महाशाखा, प्रदेश मन्त्रालय -सदस्य सचिव

८. <u>प्रदेश समितिको बैठकः</u> (१) प्रदेश समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

(२) प्रदेश समितिको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(३) प्रदेश समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ।

(४) प्रदेश समितिको निर्णय सो समितिको सदस्य सचिवले प्रमाणित गरी अभिलेख राख्नु पर्नेछ।

(५) प्रदेश समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञ, स्थानीय तहका कृषि प्राविधिक, बिक्रेता लगायत अन्य सरोकारवाला निकायका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ।

(६) प्रदेश समितिको सचिवालयको कार्य सम्बन्धित प्रदेश मन्त्रालयको खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी विषय हेर्ने महाशाखाले गर्नेछ।

(७) प्रदेश समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

९. <u>प्रदेश समितिको काम, कर्तव्य र अधिकार:</u> प्रदेश समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राङ्गारिक मल तथा जीवाणु मल सम्बन्धी प्रदेश सरकारको नीतिगत निर्णय गर्न प्रदेश मन्त्रालयलाई सहयोग गर्ने,

(ख) सूचीकरणको लागि माग गरिएको मल बालीहरूमा प्रयोग गर्न उपयुक्त रहे नरहेको सम्बन्धमा जाँच गरी प्रदेश मन्त्रालयलाई सिफारिस गर्ने,



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(ग) यस निर्देशिका बमोजिम मापदण्ड पूरा भएका प्राङ्गारिक मल तथा जीवाणु मल सूचीकरण गर्न प्रदेश मन्त्रालयलाई सिफारिस गर्ने,

(घ) परीक्षणका लागि पेश गरेको डिजाइनको अध्ययन गरी आवश्यक परे सम्बन्धित निकायसँगको समन्वयमा डिजाइन परिमार्जन गरी स्वीकृत गर्ने,

(ङ) प्राङ्गारिक मल तथा जीवाणु मल परीक्षणबाट प्राप्त प्रतिवेदन अध्ययन गरी परीक्षण गरिएको त्यस्तो मल सूचीकरण प्रक्रिया अघि बढाउने नबढाउने सम्बन्धमा प्रदेश मन्त्रालयलाई सिफारिस गर्ने,

(च) आवश्यकता अनुसार प्राङ्गारिक मल तथा जीवाणु मल परीक्षण कार्यको स्थलगत अनुगमन गर्ने,

(छ) प्राङ्गारिक मल तथा जीवाणु मल विषयमा प्रदेश मन्त्रालयबाट माग भए अनुसार राय सुझाव उपलब्ध गराउने।

१०. स्थानीय समितिः (१) स्थानीयस्तरमा प्राङ्गारिक मल तथा जीवाणु मलको व्यवस्थापनको लागि देहाय बमोजिमको समिति रहनेछः-

(क) सम्बन्धित स्थानीय तहको उपप्रमुख वा उपाध्यक्ष - संयोजक

(ख) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) स्थानीय तहको कृषि विषय हेर्ने शाखाको प्रमुख - सदस्य-सचिव

(२) स्थानीय समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञ, प्राङ्गारिक मल तथा जीवाणु मल बिक्रेता लगायत अन्य सरोकारवाला निकायका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ।

(३) स्थानीय समितिको सचिवालयको काम सम्बन्धित स्थानीय तहको कृषि विषय हेर्ने शाखाले गर्नेछ।

११. स्थानीय समितिको काम, कर्तव्य र अधिकारः स्थानीय समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आफ्नो क्षेत्रभित्र प्राङ्गारिक मल तथा जीवाणु मलको प्रवर्द्धन, अनुगमन तथा व्यवस्थापन गर्ने,

(ख) बिक्री प्रयोजनको लागि मापदण्ड पुगेका गोठे मलको सूचीकरण गर्न स्थानीय तहलाई सिफारिस गर्ने,

(ग) खण्ड (ख) बमोजिम गरिएको सूचीकरणको विवरण अनुसूची-४ बमोजिमको ढाँचामा प्रदेश समितिलाई उपलव्ध गराउने,

(घ) स्थानीय तहको प्राङ्गारिक मल तथा जीवाणु मल सम्बन्धी नीति निर्माणमा सहयोग गर्ने,

(ङ) प्राङ्गारिक मल तथा जीवाणु मल सम्बन्धी तथ्यांक संकलन तथा अद्यावधिक गर्ने।

१२. मलको सूचीकरण गर्नु पर्नेः नेपालमा व्यावसायिक रुपमा उत्पादन गरिएका वा पैठारी गरिएका प्राङ्गारिक मल तथा जीवाणु मल यस निर्देशिका बमोजिम सूचीकृत गर्नु पर्नेछ।

१३. सूचीकरणको लागि निवेदन दिनु पर्ने : (१) गोठे मल तथा वार्षिक पाँच सय मेट्रिक टन भन्दा कम क्षमताको प्राङ्गारिक मल उत्पादकले त्यस्तो गोठेमल वा प्राङ्गारिक मलको सूचीकरणको लागि मल परीक्षणको नतिजा सहित अनुसूची-५ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(२) वार्षिक पाँच सय मेट्रिक टन वा सो भन्दा बढी परिमाणमा प्राङ्गारिक मल तथा जीवाणु मल उत्पादन गर्ने उत्पादकले त्यस्तो मल सूचीकरणको लागि प्रदेश मन्त्रालय वा सो मन्त्रालयले तोकेको निकायमा मल परीक्षणको नतिजा सहित अनुसूची-६ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम प्राप्त निवेदन उपर जाँच गर्दा र प्रयोगशालाको परीक्षणको नतिजाबाट मलको सूचीकरण गर्न उपयुक्त देखिएमा सम्बन्धित स्थानीय तहले सात दिनभित्र र प्रदेश मन्त्रालय वा सो मन्त्रालयले तोकेको निकायले पन्ध्र दिनभित्र त्यस्तो मलको सूचीकरण गरी निवेदकलाई अनुसूची-७ बमोजिमको ढाँचामा प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राङ्गारिक मल तथा जीवाणु मल सूचीकरण गर्नु अघि सम्बन्धित स्थानीय तह वा प्रदेश मन्त्रालय वा सो मन्त्रालयले तोकेको निकायले स्थानीय समिति वा प्रदेश समितिको सिफारिस माग गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम सूचीकृत भएका प्राङ्गारिक मल तथा जीवाणु मलको उत्पादकले प्रत्येक दुई वर्षमा आफूले उत्पादन गरेको प्राङ्गारिक मल तथा जीवाणु मलको वार्षिक उत्पादन एवम् पैठारीकर्ताले पैठारीको परिमाण र बिक्री समेतको विवरण अनुसूची-८ बमोजिमको ढाँचामा सूची अद्यावधिक गर्नको लागि त्यस्तो मल सूचीकरण गर्ने निकायमा पेश गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम प्राप्त विवरणका आधारमा मल सूचीकरण गर्ने निकायले मलको सूची अद्यावधिक गर्नुपर्नेछ।

(७) माथि जुनसुकै कुरा उल्लेख भए तापनि, यस दफा बमोजिम सूचीकृत मलको उत्पादन बन्द भएमा वा उपदफा (५) बमोजिम अद्यावधिक गर्नको लागि विवरण पेश नगरेमा त्यस्तो मल सूचीकृत गर्ने निकायले सूचीबाट हटाउन सक्नेछ।

(८) यस दफा बमोजिम प्रदेश र स्थानीय तहमा मल सूचीकरण गर्दा कुनै द्विविधा उत्पन्न भएमा वा तोकिएको गुणस्तर तथा मापदण्ड परीक्षण गर्न प्राविधिक क्षमता नभएमा सो खुलाइ सम्बन्धित प्रदेश वा स्थानीय तहले सिफारिस गरेमा विभागले यस निर्देशिका बमोजिम मापदण्ड तथा गुणस्तर परीक्षण गरी त्यस्तो मल सूचीकरण गर्नुपर्नेछ। यस प्रकार सूचीकृत मलको जानकारी विभागले सम्बन्धित प्रदेश वा स्थानीय तहलाई गराउनु पर्नेछ।

१४. <u>मलको परीक्षण:</u> (१) बिक्री प्रयोजनको लागि उत्पादन वा पैठारी गरिएका प्राङ्गारिक मल तथा जीवाणु मलको परीक्षण प्रयोगशालाबाट गराउनु पर्नेछ।

(२) विदेशबाट पैठारी गरिने प्राङ्गारिक मल तथा जीवाणु मलको प्रभावकारिताको बारेमा नेपाल कृषि अनुसन्धान परिषद्ले कम्तीमा दुई बालीमा उक्त मलहरूको परीक्षण गरी सम्बन्धित समितिलाई परीक्षणको नतिजा त्यस्तो परीक्षण सम्पन्न भएको मितिले तीन महिना भित्र उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको परीक्षणको लागि लाग्ने आवश्यक खर्च प्राङ्गारिक मल तथा जीवाणु मल परीक्षण गराउने व्यक्ति वा संस्थाले व्यहोर्नु पर्नेछ।

१५. <u>मल सूचीकरण अस्वीकृत गर्न सक्ने:</u> प्रयोगशालाबाट भएको जाँच नतिजामा दफा ३ बमोजिमको मापदण्ड तथा गुणस्तर नपुगेका वा दफा १४ को उपदफा (२) बमोजिमको परीक्षणबाट नतिजा सन्तोषजनक नदेखिएको प्राङ्गारिक मल तथा जीवाणु मल सूचीकरण गरिने छैन।

१६. <u>प्राङ्गारिक मल तथा जीवाणु मलको निकासी:</u> (१) नेपालमा उत्पादित प्राङ्गारिक मल तथा जीवाणु मल निकासी गर्दा सिफारिस आवश्यक पर्ने भएमा यस निर्देशिका बमोजिम सूचीकरण भएको मलको उत्पादकले कृषि विभागमा आवश्यक कागजात सहित निवेदन दिनु पर्नेछ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गरी कृषि विभागले निवेदकलाई प्राङ्गारिक मल तथा जीवाणु मल निकासीको सिफारिस गर्नेछ।

१७. <u>प्राङ्गारिक तथा जीवाणु मल पैठारी:</u> (१) प्राङ्गारिक मल तथा जीवाणु मल नेपालमा पैठारी गरी बिक्री वितरण गर्न चाहने व्यक्तिले त्यस्तो मल पैठारी गर्नु पूर्व विभागको स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राङ्गारिक मल तथा जीवाणु मल पैठारी गर्ने स्वीकृतिका लागि निवेदन दिंदा निवेदकले पैठारी गरिने प्राङ्गारिक तथा जीवाणु मल मापदण्ड तथा गुणस्तर पूरा भएको भनी प्रयोगशालाको सिफारिस, त्यस्ता मल रेडियोधर्मी (रेडियो एक्टिभ) पदार्थ मुक्त भएको भनी मान्यताप्राप्त अन्तर्राष्ट्रिय प्रयोगशालाको पछिल्लो तीन महिना भित्रको प्रतिवेदन सहित अनुसूची-९ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम स्वीकृति माग भएमा विभागले प्राङ्गारिक मल तथा जीवाणु मल बाली परीक्षण गर्ने प्रयोजनको लागि आवश्यक पर्ने परिमाण पैठारी गर्न पूर्व स्वीकृति प्रदान गर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राङ्गारिक मल तथा जीवाणु मल बाली परीक्षण गर्ने प्रयोजनको लागि पूर्व स्वीकृति प्रदान गर्दा विभागले आवश्कता अनुसार समितिको सिफारिस लिन सक्नेछ।

(५) उपदफा (३) बमोजिम प्राङ्गारिक मल तथा जीवाणु मल परीक्षणको लागि पैठारी गर्न स्वीकृति पाएका पैठारीकर्ताले पैठारी गरी ल्याएको प्राङ्गारिक मल तथा जीवाणु मल दफा १४ बमोजिम बाली परीक्षणको लागि पठाउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम बाली परीक्षणको नतिजा सन्तोषजनक आएमा समितिको सिफारिसमा प्राङ्गारिक मल तथा जीवाणु मल सूचीकरण गरी अनुसूची-७ बमोजिमको ढाँचामा निवेदकलाई प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम सूचीकरण गरिएको प्राङ्गारिक मल तथा जीवाणु मल विक्रि वितरणको लागि पैठारी गर्न पैठारीकर्तालाई विभागले स्वीकृति प्रदान गर्नेछ।

(८) उपदफा (७) बमोजिम प्राप्त पैठारी अनुमति पत्र एक पटकको लागि मात्र मान्य हुनेछ।

१८. <u>प्राङ्गारिक तथा जीवाणु मलको भण्डारण:</u> प्राङ्गारिक मल तथा जीवाणु मलको उत्पादक, पैठारीकर्ता तथा विक्रेताले त्यस्तो मल भण्डारण गर्दा मलमा भएका पोषक तत्वहरू नष्ट नहुने गरी वा लाभदायक जीव ननासिने गरी राख्ने व्यवस्था गर्नु पर्नेछ।

१९. <u>मल विक्रेता दर्ता हुनुपर्ने:</u> (१) प्राङ्गारिक मल तथा जीवाणु मल बिक्री वितरण गर्न चाहने विक्रेताहरू प्रचलित कानून बमोजिम सूचिकरण भएको हुनु पर्नेछ।

(२) प्राङ्गारिक तथा जीवाणु मल बिक्री वितरण गर्ने विक्रेताहरूले आफूले कारोबार गर्ने प्राङ्गारिक तथा जीवाणु मलको मूल्यसूची सबैले देख्ने गरी राख्नु पर्नेछ।

२०. <u>अनुगमन तथा निरीक्षण:</u> (१) प्राङ्गारिक मल तथा जीवाणु मलको उत्पादन, आपूर्ति तथा बिक्री वितरण गर्दा यस निर्देशिका बमोजिमको मापदण्ड पूरा भए नभएको, निर्देशिकाको व्यवस्था पालना भए नभएको सम्बन्धमा समिति, मन्त्रालय तथा विभागले अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्न वा गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमका निकायले अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्दा कार्य तालिका बनाई संयुक्त रुपमा गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) प्रदेश समितिले आफ्नो क्षेत्रभित्र प्राङ्गारिक मल तथा जीवाणु मलको यस निर्देशिका बमोजिमको मापदण्ड पूरा भए नभएको, निर्देशिकाको व्यवस्था पालना भए नभएको अनुगमन तथा निरीक्षण गर्न गराउन सक्नेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(४) स्थानीय समितिले आफ्नो क्षेत्रभित्र प्राङ्गारिक मल तथा जीवाणु मलको यस निर्देशिका बमोजिमको मापदण्ड पूरा भए नभएको, निर्देशिकाको व्यवस्था कार्यान्वयन भए वा नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्नेछ।

(५) यस दफा बमोजिम अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गरी तयार पारिएको प्रतिवेदन समिति, मन्त्रालय वा कृषि विभागले गरेको भएमा प्रदेश मन्त्रालय तथा स्थानीय तहमा, प्रदेश मन्त्रालयले गरेको भएमा मन्त्रालय र स्थानीय तहमा तथा स्थानीय तहले गरेको भएमा प्रदेश मन्त्रालयमा र प्रदेश मन्त्रालयले गरेको भएमा मन्त्रालय तथा कृषि विभागमा प्रतिवेदन उपलब्ध गराउनु पर्नेछ।

२१. <u>गुनासो तथा उजुरी सुन्नेः</u> (१) प्राङ्गारिक मल तथा जीवाणु मल सम्बन्धमा कुनै गुनासो भएमा सम्बन्धित वडा, स्थानीय तह, प्रदेश मन्त्रालय, विभाग वा मन्त्रालयमा उजूरी गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त उजूरी उपर सम्बन्धित स्थानीय तह, प्रदेश मन्त्रालय, कृषि विभाग वा मन्त्रालयले छानबिन गर्दा कारबाही गर्नुपर्ने देखिएमा प्रचलित कानून बमोजिम कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

२२. <u>खारेजी तथा बचाउः</u> (१) प्राङ्गारिक तथा जैविक मल नियमन कार्यविधि, २०६८ खारेज गरिएको छ।

(२) प्राङ्गारिक तथा जैविक मल नियमन कार्यविधि, २०६८ बमोजिम भए गरेका काम कारबाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ।

अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

<u>प्राङ्गारिक मलको मापदण्ड तथा गुणस्तर</u>

| मापदण्ड | धुलो प्राङ्गारिक मल | दानादार प्राङ्गारिक मल | गड्यौले मल |
|---|---|---|---|
| १. जम्मा नाईट्रोजन (N), ड्राई वेट बेसिस (Dry Weight basis) | न्युनतम १.० % | न्युनतम १.० % | न्युनतम १.५ % |
| २. जम्मा फस्फोरस ($P_2O_5$), ड्राई वेट बेसिस (Dry Weight basis) | न्युनतम ०.५ % | न्युनतम ०.५% | न्युनतम ०.५ % |
| ३. जम्मा पोटास ($K_2O$), ड्राई वेट बेसिस (Dry Weight basis) | न्युनतम १.० % | न्युनतम १.० % | न्युनतम १.० % |
| ४. चिस्यान (Moisture), ड्राई वेट बेसिस (Dry Weight basis) | अधिकतम २५.०% | अधिकतम २०.०% | अधिकतम २५.०% |
| ५. प्राङ्गारिक कार्वन (OC), ड्राई वेट बेसिस (Dry Weight basis) | न्युनतम २०.० % | न्युनतम २०.० % | न्युनतम २०.० % |
| ६. पि.एच. (pH) | ६.०-८.० | ६.०-८.० | ६.०-८.० |
| ७. गन्ध | दुर्गन्ध रहित | दुर्गन्ध रहित | दुर्गन्ध रहित |
| ८. रोगका जीवाणुहरू (Pathogens) | शुन्य | शुन्य | शुन्य |
| ९. गह्रौं धातुहरू (Heavy metals), ड्राई वेट बेसिस (Dry Weight basis) | | | |
| क) आर्सनिक Arsenic ($As_2O_3$) | अधिकतम १० ppm | अधिकतम १० ppm | अधिकतम १० ppm |
| ख) क्याड्मियम Cadmium (Cd) | अधिकतम ५ ppm | अधिकतम ५ ppm | अधिकतम ५ ppm |
| ग) क्रोमियम Chromium (Cr) | अधिकतम ५० ppm | अधिकतम ५० ppm | अधिकतम ५० ppm |
| घ) शिशा Lead (Pb) | अधिकतम १०० ppm | अधिकतम १०० ppm | अधिकतम १०० ppm |
| ङ) पारो Mercury (Hg) | अधिकतम २ ppm | अधिकतम २ ppm | अधिकतम २ ppm |

अनुसूची- २

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

जीवाणु मलको मापदण्ड तथा गुणस्तर

| **मापदण्ड** | **न्युनतम आवश्यकता** |
|---|---|
| १. माध्यम (Carrier media) | १. चिस्यान युक्त धुलो अथवा दानादार अथवा झोल रूपको माध्यममा तयार पारिएको |
| २. जीवाणुको संख्या (Viable cell count) | २. जीवित तर सुषुप्त अवस्थाको जीवाणुको संख्या न्युनतम<br>क) धुलो अथवा दानादार रूपको मलमा $१x१०^{७}$ प्रति ग्राम<br>ख) झोल रूपको मलमा $१x१०^{८}$ प्रति १०० मि.लि.<br>ग) माइकोराइजा (Mycorrhiza ) मलको हकमा १०० प्रोपाग्युल्स (propagules) प्रति ग्राम अथवा प्रोपाग्युल्स (propagules) प्रति मिलि। |
| ३. अन्य जीवाणु (Contamination level) | १. $१x१०^{४}$ को तहमा पातल्याउँदा मलमा हुनुपर्ने जीवाणु बाहेकका अन्य जीवाणुको उपस्थिति नदेखिने। |
| ४. पि.एच. (pH) | १. ६.०-८.० |
| ५. चिस्यान (Moisture), ड्राई वेट बेसिस (Dry Weight basis) | १. सुख्खा तौल आधारमा अधिकतम चिस्यान<br>क) धुलो अथवा पाउडर रूपको मलमा ४०%<br>ख) दानादार रूपको मलमा ३०% |
| ६. कणहरूको आकार (Particle size) | १. धुलो अथवा पाउडर रुपको मल ०.१५ – ०.२१मिलिमिटर मेस आकारको चाल्नीबाट पूर्ण रुपमा छिर्न सक्नु पर्दछ। |
| ७. प्रभावकारिता (Efficiency character) | १. राइजोबियम (Rhizobium ) जीवाणु मलको प्रयोगले सिफारिस गरिएको बालीको जरामा प्रभावकारी गिर्खा (Effective nodule) बनाउन सक्नु पर्दछ।<br>२. एजोटोव्याक्टर (Azotobactor) तथा एजोस्पिरिलिएम (Azospirillum) मलको जीवाणुले १ ग्राम सुक्रोज उपभोग गरी कम्तीमा १० मिलि ग्राम नाईट्रोजन स्थिरिकृत गर्न सक्नु पर्दछ।<br>३. फोस्फेट सोलुब्लाइजिङ्ग ब्याक्टेरिया (Phosphate Solubilizing Bacteria (PSB) ) मलको जीवाणुको प्रयोगले कम्तीमा ३० प्रतिशत अघुलनशील अवस्थाको फस्फोरसलाई घुलनशील अवस्थामा बदल्न सक्नु पर्दछ। यसलाई ३ मिमि मोटाईको माध्यममा ५ मिमि दूरीसम्म असर गर्ने आधारमा मापन गर्न सकिन्छ।<br>४. माइकोराइजा (Mycorrhiza) मलको जीवाणुको प्रत्येक ईनोकुलमले परीक्षण गरिएको बिरुवाको जरामा ८० ईन्फेक्सन बिन्दुमा प्रभाव गर्न सक्नु पर्दछ। |

| | |
|---|---|
| ८. लेवल (Label) | १. लेवल स्पष्ट देखिने र निम्न अनुसारको सूचना सहितको हुनु पर्दछ।<br>क) उत्पादनको नाम तथा ब्राण्ड<br>ख) उत्पादकको नाम, ठेगाना र सम्पर्क नम्बर<br>ग) तौल तथा जीवाणुको संख्या<br>घ) लट अथवा ब्याच नम्बर<br>ङ) उत्पादन तथा खपत गरिसक्नुपर्ने मिति<br>च) प्रयोग गर्ने तरिका<br>छ) भण्डारण र ढुवानीका समयमा अपनाउनुपर्ने सावधानी |
| ९. प्याकेजिङ्ग (Packaging) | १. अपारदर्शी सामाग्रीबाट हावा नछिर्ने गरी प्याकेजिङ्ग गरिएको हुनु पर्दछ। |

अनुसूची- ३

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

<u>गोठे मलको मापदण्ड तथा गुणस्तर</u>

| **मापदण्ड** | **गोठे मल** |
|---|---|
| १. जम्मा नाईट्रोजन (N), ड्राई वेट बेसिस (Dry Weight basis) | न्युनतम १.० % |
| २. जम्मा फस्फोरस ($P_2O_5$), ड्राई वेट बेसिस (Dry Weight basis) | न्युनतम ०.५ % |
| ३. जम्मा पोटास ($K_2O$), ड्राई वेट बेसिस (Dry Weight basis) | न्युनतम १.० % |
| ४. प्राङ्गारिक कार्वन (OC), ड्राई वेट बेसिस (Dry Weight basis) | न्युनतम २०.० % |
| ५. पि.एच. (pH) | ६.०-८.० |
| ६. गन्ध | दुर्गन्ध रहित |

अनुसूची- ४

(दफा ११ को खण्ड (ग) सँग सम्बन्धित)

## स्थानीय तहमा सूचीकरण भएका प्राङ्गारिक तथा जीवाणु मलको विवरण प्रदेश समितिमा पठाउने ढाँचा

स्थानीय तहको नाम:

| सि.नं. | मलको नाम | मलको प्रकार | उत्पादकको नाम | उत्पादकको ठेगाना | सूचीकरण मिति | उत्पादकको बार्षिक उत्पादन क्षमता |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

विवरण तयार गर्नेको,-

कार्यालयको छापः-

दस्तखतः-

नाम थरः-

पदः-

मितिः-

अनुसूची- ५

(दफा १३ को उपदफा (१) सँग सम्बन्धित)

<u>गोठे तथा प्राङ्गारिक मल सूचीकरण गर्न सम्बन्धित स्थानीय तहमा दिने निवेदनको ढाँचा</u>

मितिः......./....../.....

श्री प्रमुख/अध्यक्ष

........................ नगरपालिका/गाउँपालिका

........................

विषयः ........ मल सूचीकरण गरी पाउँ।

उपरोक्त सम्बन्धमा, ..........जिल्ला ......... पालिका ....... वडा निवासी ............... (नाम थर र नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र नं. ............) ले देहायको विवरण भएको गोठेमल/प्राङ्गारिक मल उत्पादन गरी बिक्री वितरण गर्न इच्छुक भएकोले प्राङ्गारिक तथा जीवाणु मल निर्देशिका, २०७७ को दफा १३ बमोजिम ............ मल सूचीकरण गरी दिनु हुन निम्न अनुसारका आवश्यक कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु।

..................................

निवेदकको दस्तखत

(क) <u>मलको विवरण</u>

(१) ........

(२) ........

(३) ........

(ख) <u>संलग्न कागजातहरू</u>

(१) नागरिकता वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि।

(२) वार्षिक उत्पादनको परिमाण।

(३) मलको प्रयोगशाला परीक्षणको नतिजा।

(४) संस्था दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपि (संस्था भए)।

अनुसूची-६

(दफा १३ को उपदफा (२) सँग सम्बन्धित)

<u>प्राङ्गारिक तथा जीवाणु मल सूचीकरणका लागि दिने निवेदनको ढाँचा</u>

मितिः......./....../.....

श्री प्रमुख,

........................ मन्त्रालय/कार्यालय।

........................ प्रदेश।

विषयः ........ मल सूचीकरण गरी पाउँ।

उपरोक्त सम्बन्धमा, .......... .......... .......... .......... .......... प्राङ्गारिक मल तथा जीवाणु मल उत्पादन गरी बिक्री वितरण गर्न इच्छुक भएकोले प्राङ्गारिक तथा जीवाणु मल निर्देशिका, २०७७ को दफा १३ बमोजिम ............ मल सूचीकरण गरी दिनु हुन निम्न अनुसारका विवरण तथा आवश्यक कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु।

(क) विवरण

(१) उत्पादक/पैठारीकर्ता व्यक्ति/संस्था/फर्मको नाम :- .............

(२) ठेगाना :- .....................................

फोन नं. :- ........................

मोबाइल नं. :- ............................

(३) उत्पादन/पैठारी गर्न अनुमति प्रदान गरिएको मल :- ...................

(४) मल निकासी गरिने देश :-

(५) मल पैठारी शुरु हुने मिति :-

(६) मलको व्यापारिक नाम :-

(७) मल आपूर्तिकर्ताको नाम, ठेगाना :-

(ख) <u>संलग्न कागजात</u>

(१) नागरिकताको वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि।

(२) वार्षिक उत्पादन खुल्ने व्यवसायिक योजना।

(३) मल परीक्षणको नतिजा।

(४) पैठारी गरिएको प्राङ्गारिक मल तथा जीवाणु मल सूचीकरण गराउन निवेदन दिएको भएमा त्यस्तो मलको बाली परीक्षाणको नतिजा।

(५) कम्पनी/फर्म/संस्था दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपि।

(६) ब्राण्ड वा ट्रेड मार्क दर्ता तथा नवीकरण प्रमाण पत्रको प्रतिलिपि।

(७) तीन महिना भित्रको प्रयोगशालाको विश्लेषण प्रतिवेदन।

(८) पान नम्बरको प्रतिलिपि।

(९) करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।

निवेदकको,-

दस्तखतः-

नाम थरः-

वतनः-

अनुसूची-७

(दफा १३ को उपदफा (३) तथा दफा १७ को उपदफा (६) सँग सम्बन्धित)

मल सूचीकरणको प्रमाणपत्र

{कार्यालयको नाम}

{कार्यालयको ठेगाना}

मितिः.................

श्री ...................

{निवेदकको नाम र ठेगाना}

विषयः मल सूचीकरण गरिएको सम्बन्धमा।

यस ............{कृषि विभाग/प्रदेश मन्त्रालय/स्थानीय तह} मा ............. {मलको नाम} सूचीकरण गर्नको लागि दिएको निवेदनका सम्बन्धमा ................ को मिति................. को निर्णय अनुसार ............ बाट उत्पादन/पैठारी गरिएको देहायको निम्न लिखित विवरण अनुसारको ............. मल प्राङ्गारिक तथा जीवाणु मल निर्देशिका, २०७७ अनुसार सूचीकरण गरिएको व्यहोरा जानकारी गराईन्छ।

१. उत्पादक/पैठारीकर्ता व्यक्ति/संस्था/फर्मको नाम :- .............

२. ठेगाना :- .....................................

फोन नं. :- ........................

मोबाइल नं. :- ............................

३. पैठारी गर्न अनुमित प्रदान गरिएको मल :- ...................

४. मल पैठारी गरिएको भए पैठारी गरिने देश :-

५. मल पैठारी शुरु हुने मिति :- अनुमित प्राप्त भएपछि।

६. मलको व्यापारिक नाम र विवरण :-

(क)............

(ख)............

(ग)............

**नोटः सूचीकरण भएको प्रत्येक दुई वर्षभित्र आफ्नो कारोबारको विवरण सूचीकृत गर्ने निकायलाई निर्देशिकाको अनुसूची-८ बमोजिम ढांचामा विवरण उपलब्ध गराउनु पर्नेछ।**

अनुसूची- ८

(दफा १३ को उपदफा (५) सँग सम्बन्धित)

<u>सूचीकृत मलको सूची अद्यावधिक गर्ने प्रयोजनको लागि पेश गर्नु पर्ने विवरण</u>

उत्पादक/पैठारीकर्ताको नाम र ठेगानाः

| **सि.नं.** | **मलको नाम** | **मलको प्रकार** | **मलको परिमाण** | | | | | **उत्पादकको बार्षिक उत्पादन क्षमता** |
|---|---|---|---|---|---|---|---|---|
| | | | **उत्पादन** | **पैठारी** | **निकासी** | **बिक्री वितरण** | **मौज्दात** | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

विवरण पेश गर्नेको,-

संस्था भए कार्यालय/संस्थाको छापः-

दस्तखतः-

नाम थरः-

ठेगानाः-

सम्पर्क नं.ः-

अनुसूची-९

(दफा १७ को उपदफा (२) सँग सम्बन्धित)

प्राङ्गारिक तथा जीवाणु मल पैठारी गर्न अनुमतिका लागि दिने निवेदनको ढाँचा

मितिः......./....../.....

श्री महानिर्देशक,
कृषि विभाग,
हरिहरभवन, ललितपूर।

विषयः ........ मल पैठारीको लागि अनुमति पाउँ।

उपरोक्त सम्बन्धमा, ..................... ............ प्राङ्गारिक मल तथा जीवाणु मल पैठारी गरी बिक्री वितरण गर्न इच्छुक भएकोले प्राङ्गारिक तथा जीवाणु मल निर्देशिका, २०७७ को दफा १७ बमोजिम प्राङ्गारिक मल तथा जीवाणु मल बाली परीक्षण/सूचीकरण/पैठारी गर्ने अनुमतिका लागि निम्न अनुसारका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु।

(क) पैठारी गर्न चाहेको मलको विवरण

(१) मलको व्यापारिक नामः

(२) उत्पादकको नाम ठेगानाः

(३) मलको गुणस्तरः

(४) अन्य आवश्यक विवरणः

(ख) संलग्न कागजातहरू

(१) नागरिकता वा राष्ट्रिय परिचय पत्रको प्रतिलिपि।

(२) पैठारी परिमाण खुल्ने व्यावसायिक योजना।

(३) कम्पनी/फर्म/संस्था दर्ता/नवीकरण प्रमाण पत्रको प्रति।

(४) ब्राण्ड वा ट्रेड मार्क दर्ता/नवीकरण प्रमाण पत्रको प्रतिलिपि।

(५) पछिल्लो तीन महिना भित्रको मान्यताप्राप्त प्रयोगशालाको विश्लेषण प्रतिवेदन।

(६) पान नम्बरको प्रतिलिपि।

(७) करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।

(८) एक्जिम कोड प्रमाण-पत्र।

(९) विभागले माग गरे अनुसारका अन्य आवश्यक कागजातहरु।

............................

निवेदकको दस्तखत